## नगर कार्यपालिकाको छैसठ्ठीऔं बैठकका निर्णयहरु
## मितिः२०८३/०३/२७ गते शनिबार

**प्रस्तावहरुः-**

१. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना स्वीकृती सम्बन्धमा ।
३. नगर शिक्षा योजना स्वीकृती सम्बन्धमा ।
४. साक्षर नगरपालिका घोषणा सम्बन्धमा ।
५. कृषि महिला स्वंसेविका परिचालन कार्यविधि, २०८३
६. विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३
७. स्थानीय विपद् तथा जलवायू उत्थानशिल कार्यढाँचा, २०८३

**सम्वत् २०८३ असार २७ गते शनिबार बसेको कार्यपालिकाको छैसठ्ठीऔं बैठकका निर्णयहरुः**

**निर्णय नंः- (१)**

आ.व. २०८२/०८३ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल र अनुमोदनका लागि नगरसभाको १४ अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने ।

**निर्णय नंः- (२)**

जीतपुरसिमरा उपमहानगरपालिका विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना स्वीकृती गर्ने ।

**निर्णय नंः- (३)**

जीतपुरसिमरा उपमहानगरपालिकाको दश वर्षे (आ.व. २०८३/०८४-२०९२/०९३) नगर शिक्षा योजना स्वीकृत गर्ने।

**निर्णय नंः- (४)**

यस उपमहानगरपालिका अन्तर्गतका वडा नं. १ देखि १६ सम्म ( साविक गढिमाई नगरपालिका ) साक्षर घोषणा भई सकेको र साक्षर घोषणा हुन बाँकी रहेका वडा नं. १७ देखि २४ सम्मका वडाहरुमा १५ देखि ६० वर्षसम्मको उमेर समुहका नागरिकको तथ्यांक सङ्कलन पश्चात जम्मा साक्षरता ९७.५२ प्रतिशत रहेकोले यस उपमहानगरपालिका पूर्ण साक्षर घोषणा गर्ने र अनुमोदनका लागि तेस्रो बैठकमा पेश गर्ने ।

**निर्णय नंः- (५)**

जीतपुरसिमरा उपमहानगरपालिका कृषि महिला स्वंसेविका परिचालन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

**निर्णय नंः- (६)**

जीतपुरसिमरा उपमहानगरपालिका विपद् प्रतिकार्य कार्ययोजना २०८३ स्वीकृत गर्ने ।

**निर्णय नंः- (७)**

जीतपुरसिमरा उपमहानगरपालिका विपद् तथा जलवायू उत्थानशिल कार्यढाँचा, २०८३ स्वीकृत गर्ने ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर बारा मधेश प्रदेश नेपाल

राजन पौडेल
नगर प्रमुख